# बेलकोटगढी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

बाघखोर, नुवाकोट
३ नं.प्रदेश नेपाल

प. सं. : २०७६।७७/कृषि ४
च. नं. ९८१

मिति : २०७६/०५/१८

श्री ...... नं. वडा कार्यालय (१ देखि १२)
बेलकोटगढी नगरपालिका
नुवाकोट।

**विषय: सूचना पठाइएको सम्बन्धमा।**

उपरोक्त सम्बन्धमा यस नगरपालिकाको आ.व. २०७६/७७ को वार्षिक स्वीकृत कृषि कार्यक्रम अनुसार कार्यक्रम संचालनको लागी तपसिल बमोजिमका सूचनाहरु यसैसाथ संलग्न राखी पठाइएको छ। सूचना टाँस गरी सो को जानकारी यस कार्यालयमा पठाई दिनुहुन आदेशानुसार अनुरोध छ।

.............................
(छबिलाल शर्मा)
कृषि विकास अधिकृत (आठौं)

**तपसील:**

१) साना सिंचाई कार्यक्रम सम्बन्धी – १

२) भकारो सुधार कार्यक्रम – १

३) पुष्प नर्सरी संचालन कार्यक्रम – १

४) तरकारी नर्सरी स्थापना कार्यक्रम – १

५) गोठ सुधार अनुदानमा बोका वितरण कार्यक्रम – १

६) कृत्रिम गर्भाधान संचालन सम्बन्धी – १

७) सहकारीहरुको लेखा परीक्षण सम्बन्धी – १

बेलकोटगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाघखोर, नुवाकोट
३ नं.प्रदेश नेपाल

मिति : २०७६/०५/१८

च न.
प. स. ०७६।७७

# सूचना

## विषय : साना सिचाई माग पत्र पेश गर्ने बारे सूचना

प्रस्तुत विषयमा बेलकोटगढी नगरपालिका (आ व ०७६/०७७)को स्वीकृत कृषि बिकास कार्यक्रम अनुसार साना सिंचाई (शसर्त तथा समानीकरण) कार्यक्रमका लागि साना सिंचाई कुलो मर्मत सम्भार सम्बन्धि योजना आवश्यक भएका कृषक समूहहरु ,कृषि सहकारी तथा जल उपभोक्ता समितीहरु बाट रु.१०/०० को टिकट टासी निम्न शर्त पुरा गरी साना सिंचाई योजना माग पत्र निम्न मिति समय र स्थानमा पेश गर्नु हुन सम्बन्धित सबैमा जानकारीको लागि आदेशानुसार यो सूचना प्रकाशित गरिएको छ।

| तपसिल | | संख्या | बजेट (रु हजारमा) |
|---|---|---|---|
| क्र.स. | विवरण | ३ | ४५० |
| १ | साना सिंचाई निर्माण तथा मर्मत सम्भार – सशर्त संघ | १३ | १८८५ |
| २ | साना सिंचाई निर्माण तथा मर्मत सम्भार – समानीकरण | १६ | २३३५ |
| | जम्मा | | |

क) शर्तहरु

१. वर्षभरी पानीको अटुट श्रोत भएको हुनु पर्नेछ।
२. कुल लागतको कम्तिमा १५प्रतिशत रकम नगद वा श्रमदान वा जिन्सी वा तिनै थरी लागत जनसहभागिताको रुपमा कृषक समुह,कृषि सहकारी,जलउपभोक्ता समितिबाट व्यहोर्नु पर्नेछ।
३. योजना सामुहिक हुनु पर्नेछ।
४. यस कार्यालयले तयार पारेको अनुसूची १ अनुसारको ढांचामा माग पत्र पेश गर्नु पर्नेछ।(मांग पत्र न पा को आर्थिक विकास शाखा कृषि तथा न पा को पायक पर्ने वडाहरुबाट समेत प्राप्त गर्न सकिने छ।
५.अन्य कुराहरु नेपाल सरकार कृषि विकास मन्त्रालयको स्वीकृत साना सिंचाई विशेष कार्यक्रम कार्यन्वयन निर्देशिका अनुसार हुनेछ।
६. प्रस्तावित योजनमा अन्य कुनै निकाय बाट साझेदारी गर्न चाहेमा उक्त निकायको नाम र कस्तो किसिमको साझेदारी हो स्पष्ट उल्लेख गर्नु पर्नेछ।
७. प्रस्तावित आयोजना चालु आ.व.भित्र सम्पन्न हुने र बढी प्रतिफल दिने खालको हुनु पर्ने छ।

ख ) माग पत्र साथ संलग्न हुनुपर्ने कागजातहरु

१.राजस्व रकम रु.१०० फिर्ता नहुने गरी यस कार्यालयमा दाखिला गरेको रसिद
२. यसै साथ संलग्न उल्लेखित सम्पूर्ण विवरणहरु अनिवार्य भरि समुह सहकारी ले प्रमाणित गरि पेश गर्नु पर्नेछ।
३. पानीको श्रोत (मुहान) विवाद रहित व्यहोरा उल्लेख भएको सम्बन्धित वडा कार्यालयको सिफारिश पत्र पेश गर्नु पर्नेछ।
४. कृषक समुह दर्ता तथा नवीकरण (म्याद भएको ) प्रमाण पत्रको प्रतिलिपि
५. सहकारी सस्था हरुको लागि डिभिजन सहकारी कार्यालय तथा स्थानीय निकायमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि
६. कृषि समुह/सहकारी/जल उपभोक्ता समितिले कम्तिमा १५ % जिन्सी/श्रमदान/नगद व्यहोर्ने प्रतिबध्दता जाहेर गरेको समुह तथा सहकारी को निर्णय प्रतिलिपि
७. स्थाई लेखा नम्बर (PAN) दर्ता प्रमाण पत्रको प्रतिलिपि
८. सहकारी सस्थाको हकमा लेखा परिक्षण (०७५/०७६ ) साथै कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि
९. कृषक समुह/ कृषि सहकारी सस्थाको कार्यक्रम माग सम्बन्धि निर्णयको प्रतिलिपि

माग पत्र दाखिला गर्ने स्थान,समय र मिति
स्थान : बेलकोटगढी नगरपालिकाको कार्यालय ( कृषि शाखा ), बाघखोर, नुवाकोट
अवधि : मिति: २०७६/०५/१७ देखि २०७६/०६/३० गते कार्यालय समय सम्म
नोट: १ रित नपुगेको र म्याद नाघी प्राप्त हुन आएका निवेदनहरु छनौटको लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ।
२ कुनै शर्त राखेर निवेदन दर्ता गरिने छैन।

.............................
छबि लाल शर्मा
कृषि विकास अधिकृत (आठौं )

बेलकोटगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाघखोर, नुवाकोट
३ नं.प्रदेश नेपाल

अनुसूची १

सााना सिचाई योजनाको प्रस्ताब माग पत्र

१. योजनाको संक्षिप्त विवरण :-
   क) योजनाको नाम :-
   ख) मुहानको नाम :-
   ग) जिल्ला/नगरपालिका/टोल :-
   घ) अनुमानित लागत रु:-
      १. उपभोक्ताले व्यहोर्ने :- ..................................
      २. नगरपालिकाले व्यहोर्ने :- ..................................
      ३. जम्मा :- ..................................
   ङ) सिंचाईको प्रकृति:- नयाँ/मर्मत
   च) कामको प्रकृति :- परिमाण
      माटोको कुलो -
      पक्कि कुलो -
      पाइप -
      वाल -

२. योजनाको सर्वेक्षण सम्बन्धि विवरण :-
   क) अनुमानित सिंचाई कुलोको दुरी मिटरमा
   ख) अनुमानित सिंचाई हुने क्षेत्रफल हेक्टर/रोपनी
   ग) सिंचाई बाट लाभान्वीत ...................... घर धुरी संख्या ................... जनसंख्या
   घ) हाल सिंचाई हुने क्षेत्रफल (रोपनी) .............................

| हाल उत्पादन भइरहेको वालीहरु | सिंचाई पछी उत्पादन हुनसक्ने वालीहरु |
|---|---|
| ............................ | ................................... |
| ............................ | ................................... |
| ............................ | ................................... |
| ............................ | ................................... |

३. मुहानको हालको स्थिति:-
   क) पानी बगिरहेको / अरुले उपयोग गरिरहेको
   ख) सिंचाई कुलोले वस्तीलाई प्रभावित पार्ने/नपार्ने
   ग) बाँध वा इन्टेक निर्माण गर्नु पर्ने/ नपर्ने
   घ) मुहान विवाद भएको/नभएको
   ङ) पानीको किसिम : सालभरि पानि हुने / वर्षायाममा मात्र हुने

४. आवश्यक अन्य विवरण :-

कृषि समुह सहकारी/जलउपभोक्ता समितिको तर्फबाट

दस्तखत
नाम,थर
मिति
सम्पर्क न.

छाप



छवि लाल शर्मा
कृषि विकास अधिकृत (आठ

# बेलकोटगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बाघखोर, नुवाकोट
३ नं.प्रदेश नेपाल


प. सं. : २०७६।७७
च. नं.

मिति : २०७६/०५/१८

सूचना!    सूचना !!    सूचना !!!

प्रस्तुत विषयमा यस न.पा.को आ.व. ०७६/७७ को वार्षिक स्वीकृत (शशर्त अनुदान – संघ) कार्यक्रम अनुसार भकारो सुधार कार्यक्रमका लागि छनौट भएका कृषि फर्म/ कृषि समूह/ कृषि सहकारीहरुबाट कार्यक्रम सम्पन्न गर्नु पर्ने भएको हुँदा ईच्छुक कृषि समुह/ कृषि सहकारी / कृषि फर्महरुबाट तपसील वमोजिमका कागजातहरु संलग्न गरी मिति २०७६/०६/३० गते सम्ममा यस न.पा. को कार्यालय (आर्थिक विकास शाखा – कृषि ) बाघखोर, नुवाकोटमा कार्यालय समय भित्र आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैको लागि जानकारी गराइन्छ। पुनश्च म्याद नाघी आएका र कुनै शर्त राखी निवेदन हरु दर्ता नहुने व्यहोरा समेत आदेशानुसार अनुरोध छ।

तपसिल:

| क्र.सं. | विवरण | संख्या | अनुदान रकम (रु हजारमा) |
|---|---|---|---|
| १ | भकारो सुधार कार्यक्रम | २५ | ३०० |

<u>पेश गर्नुपर्ने कागजातहरु:</u>

१) कृषि समूह/ कृषि सहकारी / कृषि फर्मले कार्यक्रम माग गरेको निर्णयको प्रतिलिपि – १

२) कृषि समूह/ कृषि सहकारी / कृषि फर्मको PAN No., आ.व. ०७५/७६ को अडिट रिपोर्ट र कर चुक्ता/ नवीकरण आदी प्रमाणपत्रको प्रतिलिपि

३) कृषि समूह/ कृषि सहकारी / कृषि फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि

४) सम्बन्धित वडा कार्यालयको सिफारिस (सिफारिसमा पहिले कुनै निकायबाट भकारो सुधार कार्यक्रम लिएको वा लिन सिफारिस गरेको वा नलिएको प्रष्ट खुलेको व्यहोरा उल्लेख हुनु पर्ने छ।)

५) कृषि समूह/ कृषि सहकारी / कृषि फर्मले पहिले कुनै निकायबाट भकारो सुधार कार्यक्रम लिएको वा हाल कुनै निकायमा माग गरेको भएमा कुन निकायबाट कहिले लिएको हाल माग गरेको निकाय वा नलिएको कुराको निर्णयको प्रतिलिपि पेश गर्नु पर्ने छ।

६) कृषि समूह/ कृषि सहकारी / कृषि फर्मले भकारो सुधार कार्यक्रममा (हालको गोठको अवस्था , गाई भैंसीको संख्या , दलित , जनजाति, महिला, आर्थिक अवस्था कमजोर भएका आदी संलग्न हुने कृषकको नाम थर, ठेगाना , सम्पर्क नं. समेत) प्राथमिकताको आधारमा छनौट गरी निर्णय गरेको प्रतिलिपि समेत संलग्न गर्नु पर्ने छ।

७) संस्थाको लेटर प्याडमा रु १०/- को टिकट टाँसी भकारो सुधार कार्यक्रम माग गरेको निवेदन।

.................................
छबि लाल शर्मा
कृषि विकास अधिकृत (आठौं )

# बेलकोटगढी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बाघखोर, नुवाकोट
३ नं.प्रदेश नेपाल

प. सं. : २०७६।७७
च. नं.

मिति : २०७६/०५/१८

सूचना!　　सूचना !!　　सूचना !!!

प्रस्तुत विषयमा यस न.पा. को आ.व. ०७६/७७ को वार्षिक स्वीकृत (कृषि) कार्यक्रम अनुसार पुष्प नर्सरी स्थापना गरी छनौट भएका कृषि फर्म/ कृषि समूह / कृषि सहकारी मार्फत पुष्प व्यवसायलाई प्रवर्द्धन गर्ने कार्यक्रम भएकोले पुष्प नर्सरी संचालन गर्न ईच्छुक कृषि फर्म / कृषि सहकारी / कृषि समुहले मिति २०७६/०६/०६ गते भित्र यस न.पा.को कार्यालय (आर्थिक विकास शाखा- कृषि) बाघखोरमा निवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागी आदेशानुसार यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| क्र.सं. | विवरण | संख्या | वजेट (रु हजारमा) |
|---|---|---|---|
| १ | पुष्प नर्सरी स्थापना अनुदान सहयोग कार्यक्रम | ६ | ६०० |

पेश गर्नु पर्ने कागजातहरु:

१)कृषि समूह/ कृषि सहकारी / कृषि फर्मले कार्यक्रमको लागि (कृषकको नाम/ ठेगाना सहित) प्रस्ताव गरेको निर्णयको प्रतिलिपि।

२)सम्बन्धित वडा कार्यालयको सिफारिस।

३) कृषि समूह/ कृषि सहकारी / कृषि फर्मको PAN No., आ.व. ०७५/७६ को अडिट रिपोर्ट र कर चुक्ता/ नवीकरण, दर्ता प्रमाणपत्र, आदीको प्रमाणपत्रको प्रतिलिपि

४)पुष्प व्यवसाय सम्बन्धी ज्ञान/ सिप /तालिम /अध्ययनको (स्वदेशी तथा वैदेशिक) प्रमाणपत्रहरुको प्रतिलिपि

५)नर्सरी स्थापना गर्ने जग्गाको (आफ्नै नामको वा कानुनी मान्यता प्राप्त व्यक्तिबाट लिखित भएको कम्तिमा ५ बर्ष भाडामा लिएको – करारनामा) लालपुर्जाको प्रतिलिपि वा भाडामा लिएको करारनामा पेश गर्नु पर्नेछ।

६)नेपाली नागरिकताको प्रतिलिपि

७)रु १० को टिकट टाँसेको निवेदन

८)कुनै शर्त र म्याद नाघी आएका निवेदनहरु दर्ता हुने छैन।

.....................................
छबि लाल शर्मा
कृषि विकास अधिकृत (आठौं)

# बेलकोटगढी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बाघखोर, नुवाकोट
३ नं.प्रदेश नेपाल

प. सं. : २०७६।७७
च. नं.

मिति : २०७६/०५/१८

## सूचना

प्रस्तुत विषयमा यस न.पा. को आ.व. ०७६/७७ को वार्षिक स्वीकृत (कृषि) कार्यक्रम अनुसार नगरपालिका भित्रबाट प्रत्येक वडामा छनौट भएका कृषि समूह/ कृषि सहकारी / कृषि फर्म मार्फत तरकारी नर्सरी स्थापना गरी कृषकहरुलाई (न.पा./ समूह/ सहकारीको समन्वयमा) सहुलियत दरमा विभिन्न तरकारी वेर्ना (हिउँदे/बर्षे) उत्पादन गरी वितरण गर्न ईच्छुक कृषि समूह/ कृषि सहकारी / कृषि फर्मबाट यहि मिति २०७६ असोज ६ गते सम्म तपसील वमोजिमका कागजातहरु संलग्न राखी न.पा. (आर्थिक विकास शाखा- कृषि) मा कार्यालय समय भित्र निवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागी आदेशानुसार अनुरोध छ।

पुनश्च- कुनै वडाबाट प्रस्ताव नआएमा सम्भाव्यता अध्ययनबाट अर्को वडामा पनि कार्यक्रम थप गर्न सकिने व्यहोरा जानकारीको लागी अनुरोध छ।

तपसिल:

| क्र.सं. | कार्यक्रम | लक्ष | वजेट (रु हजारमा) |
|---|---|---|---|
| १ | तरकारी नर्सरी स्थापना (हिउँदे र बर्षे) | १३ | १३०० |

पेश गर्नुपर्ने कागजातहरु:

१)कृषि समूह/ कृषि सहकारी / कृषि फर्मको दर्ता प्रमाण पत्रको प्रतिलिपि २०७५/७६ नवीकरण, अडिट रिपोर्ट, कर चुक्ता र PAN अनिवार्य रुपमा पेश गर्नु पर्ने छ।

२) कृषि समूह/ कृषि सहकारी / कृषि फर्मले साझेदारीमा गर्न सक्ने (श्रमदान, नगद , जिन्सी ) रकम रु .........................

३) कार्यक्रम माग गरेको समुह / सहकारीको वैठकको निर्णयको प्रतिलिपि।

४) नर्सरी स्थापना गर्ने कृषकको नाम , ठेगाना र जग्गाको (आफ्नै नामको वा कानुनी मान्यता प्राप्त व्यक्तिबाट लिखित भएको कम्तिमा ५ बर्ष भाडामा लिएको – करारनामा) लालपुर्जाको प्रतिलिपि वा भाडामा लिएको करारनामा पेश गर्नु पर्नेछ।

५) सम्बन्धित वडा कार्यालयको सिफारिस।

६)नर्सरी स्थापना सम्बन्धी विध्यमान भौतिक पूर्वाधार , जनशक्ति, यातायात , वजार, लगानी रकम / उत्पादित तरकारी वेर्ना वेच विखन आदी सहितको संक्षिप्त कार्य योजना बनाई पेश गर्नु पर्ने छ।

.................................
छबि लाल शर्मा
कृषि विकास अधिकृत (आठौं )

बेलकोटगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाघखोर, नुवाकोट
३ नं.प्रदेश नेपाल

प. सं. : २०७६।७७
च. नं.

मिति : २०७६/०५/१८

सूचना!!! सूचना!!! सूचना!!!

गोठ सुधार/ बोका/ अनुदानमा वितरण सम्बन्धि सूचना

यस नगरपालिकाको (आ.व.०७६/७७) को बार्षिक स्वीकृत (पशु विकास) कार्यक्रम अन्तर्गत गोठ सुधार (गाई, भैंसी) र उच्च प्रजननमानका बोका अनुदानमा वितरण गर्ने कार्यक्रम भएकोले यस नगरपालिका भित्रका इच्छुक व्यवसाय दर्ता कृषि फर्म/ कृषि समूह / कृषि सहकारीहरुले तपसिल बमोजिमका कागजात सहित मिति २०७६/६/३० गते भित्र (कार्यक्रम अनुसार अलग अलग निवेदन ) यस नगरपालिकाको कार्यालय (आर्थिक विकास शाखा कृषि) बाघखोरमा निवेदन दर्ता गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै कुनै शर्त राखी र म्याद भित्र नआएको निवेदनहरु दर्ता नहुने व्यहोरा समेत आदेशानुसार अनुरोध छ।

१. गाई भैंसी गोठ सुधार, लक्ष्य संख्या ६ X १०० = ६०० (रु हजारमा)

क) पशु संख्या गाई दुहुना/ब्याउने ५ ओटा हुनु पर्ने।

ख) भैंसीको हकमा ३ ओटा ब्याउने/ब्याएको हुनु पर्ने।

ग) स्थानीय निकायमा वा अन्य निकायमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्ने छ।

घ) सम्भव भएमा कम्तिमा ४/५ रोपनीमा घास खेती गरेको वा घास खेती गर्ने जग्गाको लालपुर्जा वा जग्गा भाडा मा (कानूनी मान्यता प्राप्त व्यक्तिबाट कम्तिमा ५ वर्ष को लिखित करारनामा ) लिएको प्रमाण पेश गर्नुपर्ने।

ङ) दुग्ध संकलन केन्द्रमा प्रति दिन कम्तिमा १० लिटर दुध बिक्रि गरेको व्यहोराको दुग्ध संकलन केन्द्र बाट सिफारिस हुनु पर्ने।

च) बिगत २ वर्ष भित्र स्थानीय निकाय तथा अन्य कुनै सरकारी तथा अर्ध सरकारी निकायको अनुदान नलिएको हुनु पर्ने छ।

छ) आ.व. ०७५/७६ सम्मको व्यवसाय कर चुक्ता (audit report) प्रमाण पत्रको प्रतिलिपि

ज) दलित, एकल महिला, महिला, अपाङ्ग, पिछडिएको वर्ग, क्षेत्र, लिंग र पशु सेवा सम्बन्धी वैदेशिक काम गरेको हकमा अनुभव प्रमाण पत्र नागरिकता आदी समेतका प्रमाणित कागजात पेश गर्नु पर्ने।

२. प्रजननमानको बोका खरिद, लक्ष्य संख्या १९ X २०,=३८० (रु हजारमा)

क) टोल वरिपरी प्रजनन बोका नभएको हो भनि वडाको सिफारिश हुनु पर्ने।

ख) २ वर्ष भित्र स्थानीय सरकार वा साविक जिल्ला पशु सेवा लगाएत अन्य निकायबाट अनुदान नलिएको प्रमाणित कागजातहरु हुनु पर्ने।

ग) फर्म, समुह सहकारीको (PAN) अनिवार्य प्रतिलिपि।

घ) कृषि फर्म /समुह/सहकारीले निर्णय गरि बोका माग गरेको निर्णयको प्रतिलिपि।

ङ) कृषि फर्म /समुह/सहकारीको व्यवसाय दर्ता प्रमाणपत्र प्रतिलिपि साथै आ.व. ०७५/७६ को audit report र कर चुक्ता प्रमाणपत्र प्रतिलिपि।

च) बोका पालनका लागि छनौट भएको सदस्यको नागरिकताको प्रतिलिपि।

...........................
छबि लाल शर्मा
कृषि विकास अधिकृत (आठौं )

बेलकोटगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाघखोर, नुवाकोट
३ नं.प्रदेश नेपाल

प. सं. : २०७६।७७
च. नं.

मिति : २०७६/०५/१८

सूचना!!! सूचना!!! सूचना!!!

## कृत्रिम गर्भाधान संचालन सम्बन्धी सूचना

उपरोक्त सम्बन्धमा यस नगरपालिकाको १३ वटै वडाहरुमा पशुपालन कृषकहरुको घर दैलोमा गई कृत्रिम गर्भाधान सेवा (गाई, भैंसी) पुर्याउनको लागि नगरपालिकामा जनशक्ति अभाव रहेकोले हाललाई अर्को व्यवस्था नभएसम्मको लागि नगरपालिकाको प्रत्यक्ष सम्पर्क र समन्वयमा रहने गरि तोकिएको वडाहरुमा गई कृतिम गर्भाधान सेवा संचालन गर्न अध्ययन तथा तालिम प्राप्त पशु प्राबिधिकहरुबाट (काम गरिरहेकाको हकमा सुचिकृत भएमा पुग्ने ) निवेदन माग गरि छनौट भएका प्राविधिक बाट उक्त कार्यलाई चालु आ.व.(०७६/७७) मा समेत निरन्तरता दिनु पर्ने भएकोले यस नगरपालिकामा सूचिकृत भई काम काज गर्न ईच्छुक व्यक्तिहरुले मिति २०७६/५/३१ गते भित्र कार्यालय समयमा तपसिल बमोजिमका कागजात सहित स्वयं उपस्थित भई निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि आदेशानुसार यो सूचना प्रकाशित गरिएको छ।

### तपसिल

१. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि
२. सम्बन्धित विषय/ भेटनरी पशु सेवा / कृत्रिम गर्भाधान सम्बन्धि अध्ययन/तालिम गरेको प्राविधिक प्रमाण पत्रहरुको प्रतिलिपि
३. कम्तिमा S.L.C. उतिर्ण गरेको प्रमाणपत्र र चारित्रिक प्रमाण पत्रको प्रतिलिपि
४. कामको अनुभव सम्बन्धि कागजातहरु
५. आफ्नै सवारी साधन तथा सवारी साधनको लाइसेन्स भएको कागजातको प्रतिलिपि
६. रु १०।- को टिकट टाँस गरेको निवेदन
७. प्यान लिएको प्रमाण पत्रको प्रतिलिपि

..................................
छबि लाल शर्मा
कृषि विकास अधिकृत (आठौं )

# बेलकोटगढी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बाघखोर, नुवाकोट
३ नं.प्रदेश नेपाल

प. सं. : २०७६।७७
च. नं.

मिति : २०७६/०५/१८

सहकारी संस्थाहरुको लेखापरीक्षण सम्बन्धी बेलकोटगढी नगरपालिका, बाघखोर नुवाकोटको

सूचना! सूचना !! सूचना !!!

यस नगरपालिका भित्र रहेका सहकारीहरुले आ.व. २०७५/७६ को लेखा परिक्षणको लागी सहकारी ऐन २०७४ को दफा ७५,७६ र ७७ को अधिनमा रही यही २०७६ साल असोज मसान्तसम्म अनिवार्य रुपमा आ-आफ्नो संस्थाको लेखा परिक्षण गराई सो को प्रतिवेदन यस न.पा.मा पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रसारण गरिएको छ। यस सम्बन्धी थप जानकारीको लागी वडा कार्यालयहरु तथा यस नगरपालिकाको आर्थिक विकास शाखा – कृषिमा सम्पर्क गर्नु हुनको लागी समेत अनुरोध छ।

# बेलकोटगढी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बाघखोर, नुवाकोट
३ नं.प्रदेश नेपाल

प. सं. : २०७६।७७
च. नं.

मिति : २०७६/०५/१८

## सहकारी संस्थाहरुले लेखापरीक्षण सम्बन्धी ध्यान दिनुपर्ने मुख्य मुख्य कुराहरु :

१) प्रत्येक आ.व.को असोज मसान्तसम्म लेखापरीक्षण गराउनु पर्दछ।
२) कानुन बमोजिम इजाजतपत्र प्राप्त लेखा परीक्षकबाट साधारण सभाले १ जना लेखा परीक्षक नियुक्ति गर्नु पर्ने छ। साधारण सभाले निजको पारिश्रमिक र अन्य सुविधा निर्धारण गरेको हुनु पर्ने छ।
३) लेखा परीक्षक नियुक्ति गर्दा एउटै व्यक्ति , फर्म वा कम्पनीलाई लगातार ३ आर्थिक वर्ष भन्दा बढी हुने गरी नियुक्ति गर्न हुँदैन।
४) लेखा परीक्षकले आफु नियुक्ति हुनु अघि (ऐनको दफा ७७ वमोजिम) लेखा परिक्षण गर्न अयोग्य नभएको कुरा सहकारी संस्थालाई लिखित रुपमा दिएको हुनु पर्ने छ। नदिएमा माग्नु पर्दछ। अन्यथा नियुक्ति दिनु हुँदैन।
५) सहकारीले विगत ३ आ.व.मा. कुन कुन लेखा परीक्षकबाट अडिट गरेको हो लेटर प्याडमा स्पष्ट रुपमा लिखित न.पा. मा दिनु पर्नेछ।
६) उपरोक्त बमोजिमका कागजातहरु एक प्रति अडिट गर्नु पूर्व नगरपालिकामा सहाकारीहरुले बुझाउनु पार्ने छ।
७) थप जानकारीको लागी न.पा. तथा सहकारी प्रशिक्षण केन्द्र नया. बानेश्वरको वेवसाइट : www.cctc.gov.np मा हेर्न सकिने छ।

छवि लाल शर्मा
कृषि विकास अधिकृत (आठौं)